
# नेपाल चिकित्सक संघ
# निर्वाचन नियमावली,
# २०७०

NEPAL MEDICAL ASSOCIATION

UNITY FRATERNITY SERVICE



# नेपाल चिकित्सक संघ निर्वाचन नियमावली, २०७०

**प्रकाशक**
**नेपाल चिकित्सक संघ**
केन्द्रीय कार्यालय
प्रदर्शनी मार्ग, काठमाडौं, नेपाल

# नेपाल चिकित्सक संघ निर्वाचन नियमावली, २०७०

*प्रथम संशोधन मिति २०७३ साल*
*कार्तिक २६ गते (11 November, 2016) शुक्रबार*
*बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान*
*दोस्रो संशोधन मिति २०७७ साल श्रावण १७ गते (1 August, 2020) शनिबार*

**नेपाल चिकित्सक संघको केन्द्रीय कार्यालय, काठमाडौं**

नेपाल चिकित्सक संघको केन्द्रीय कार्यकारिणी समिति, नेपाल चिकित्सक संघ परिषद् र नेपाल चिकित्सक संघको शाखा कार्यालयहरूको कार्यकारिणी समितिको निर्वाचन सम्पन्न गराउने प्रयोजनले नेपाल चिकित्सक संघको विधानको परिच्छेद ७ को धारा २४ बमोजिम नेपाल चिकित्सक संघ परिषद्को बैठकबाट यो **नेपाल चिकित्सक संघको निर्वाचन नियमावली, २०७० संशोधन सहित २०७७** पारित गरि लागू गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यी नियमहरूको नाम “नेपाल चिकित्सक संघको निर्वाचन नियमावली २०७० रहेको छ।

(ख) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः**

(क) नियमावली भन्नाले नेपाल चिकित्सक संघको निर्वाचन नियमावली, २०७० सम्झनु पर्दछ।

(ख) निर्वाचन कार्यक्रम भन्नाले नेपाल चिकित्सक संघको निर्वाचन समितिले निर्धारण गरेको निर्वाचन कार्यक्रम सम्झनु पर्दछ।

(ग) मतदान केन्द्र भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनका लागि निर्वाचन समितिले तोकेको मतदान कार्यक्रमका लागि निर्धारण गरिएको ठाउँ विशेष सम्झनु पर्दछ।

# परिच्छेद २
# निर्वाचन समिति

१. नेपाल चिकित्सक संघ केन्द्रीय कार्यकारिणी समितिले नयाँ कार्यकालका लागि निर्वाचन सम्पन्न गराउन सम्मेलन मिति भन्दा ६ महिना अगावै एक निर्वाचन समिति गठन गर्ने प्रस्ताव नेपाल चिकित्सक संघको परिषद् बैठकमा पेश गर्नुपर्नेछ ।

२. नेपाल चिकित्सक संघ कार्यकारिणी समितिले प्रस्ताव गरेको निर्वाचन समितिका सम्बन्धमा आवश्यक जानकारी प्राप्त गरी संघको परिषद् बैठकले प्रमुख निर्वाचन अधिकृतको अनुमोदन गर्नेछ ।

३. निर्वाचन कार्यक्रम सम्पन्न गराउनको निमित्त प्रमुख निर्वाचन अधिकृतले ५ जना सम्म वा आवश्यकता अनुसार निर्वाचन अधिकृतहरू तोकेर नेपाल चिकित्सक संघ कार्यकारिणी समितिलाई जानकारी गराउन संघको परिषद् बैठकले प्रमुख निर्वाचन अधिकृतलाई अख्तियारी प्रदान गर्नेछ ।

४. कार्यकारिणी समितिबाट पत्र प्राप्त भएपश्चात् निर्वाचन समितिलाई तोकिएको जिम्मेवारी अनुरुप निर्वाचनका कार्यक्रमहरू अगाडि बढाउन पर्नेछ ।

५. निर्वाचन कार्यक्रमअनुसार मतदाता संख्या  र उमेदवारको संख्यालाई ध्यानमा राखेर मतपत्रको ढाँचा, मतदानको चरण, प्रक्रिया निर्धारणको अधिकारसमेत केन्द्रीय निर्वाचन समितिले तोकेवमोजिम हुनेछ ।

६. प्रदेश तथा शाखा (मतदान केन्द्र)हरुमा मतदान अधिकृत सिफारिस अधिकार सम्बन्धित प्रदेश/शाखा समितिलाई हुनेछ र त्यसको अनुमोदन केन्द्रीय निर्वाचन समितिले गर्नेछ ।

७. सम्बन्धित प्रदेश/शाखा केन्द्रको निर्वाचन अधिकृतले आफ्नो प्रदेश/शाखाकामा निर्वाचन कार्यक्रम संचालन गर्नका लागि सहायक मतदान अधिकृत, आवश्यक कर्मचारी प्रस्ताव गरी केन्द्रीय निर्वाचन समितिलाई पठाई अनुमोदन गराउनु पर्नेछ ।

८. निर्वाचन समितिमा रहेका ब्यक्तिसँग कुनै उम्मेदवारको नातासम्बन्ध भए स्वयम् घोषणा गर्नुपर्नेछ र हाडनाता सम्बन्ध भएको पाइएमा केन्द्रीय निर्वाचन समितिले नयाँ मतदान अधिकृत तोक्नेछ ।

# परिच्छेद ३
# निर्वाचन कार्यक्रम

## ३. निर्वाचनको सूचनाः

(१) निर्वाचन समितिले संघको केन्द्रीय कार्यकारिणी समिति तथा नेपाल चिकित्सक संघ परिषद् सदस्यको निर्वाचनको मिति कार्यकारिणी समितिसँगको समन्वयमा तोकेपछि सो मितिमा मतदान समय निर्धारण गरी मतदाताको जानकारीका लागि सूचना जारी गर्नेछ। र त्यस्तो सूचना कुनै एक राष्ट्रिय दैनिक प्रत्रिकामा प्रकाशन गर्न सकिने छ।

(२) उपनियम (१) बमोजिमको निर्वाचनको सूचना निर्वाचन समितिले आवश्यकता अनुसार जुनसुकै सञ्चार माध्यमहरूबाट प्रकाशन तथा प्रशारण गर्न गराउन सक्नेछ।

## ४. निर्वाचन कार्यक्रम निर्धारणः

(१) नियम ३ बमोजिम निर्वाचनको सूचना प्रकाशित भएपछि निर्वाचन समितिले निर्वाचनको निमित्त उम्मेदवारहरूको मनोनयन पत्र दर्ता गर्ने, मनोनयन पत्र दर्ता भएको उम्मेदवारको नामावलीको सूची प्रकाशन गर्ने, उम्मेदवारीको दावी विरोधमा उजुरी दिने, मनोनयन पत्र र उजुरी उपर जाँचबुझ गर्ने, मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने, उम्मेदवारले नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र मतदान गर्ने मिति, समय र स्थानसमेत उल्लेख भएको निर्वाचन कार्यक्रम घोषणा गर्नु पर्नेछ।

(२) निर्वाचन समितिले घोषणा गरेको निर्वाचन कार्यक्रमको सूचना नेपाल चिकित्सक संघको कार्यालयमा वा निर्वाचन हुने स्थानको सूचना पार्टीमा वा आवश्यकताअनुसार सञ्चार माध्यमहरूबाट समेत प्रकाशन तथा प्रसारण गर्न गराउन सक्नेछ।

(३) निर्वाचन कार्यक्रमको सूचना निर्वाचन कार्यक्रम सम्पन्न हुनुभन्दा ३५ दिन अगाडी नै प्रकाशन एवं प्रशारण गरिने छ। साथै उम्मेदवारीको मनोनयन दर्ता एवं मनोनयन फिर्ता कार्यक्रम बढीमा ७ दिनसम्मको समयावधी कायम गर्न सकिनेछ।

(४) केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारीहरूको निर्वाचनका लागि प्रत्येक शाखामा नियुक्त मतदान अधिकृतले केन्द्रीय निर्वाचन समितिसँग समन्वय गरी निर्वाचन कार्यक्रमपछि मत पेटिका वा मतपत्रहरू

सिलबन्दीगरी केन्द्रीय निर्वाचन समितिको कार्यालयमा सुरक्षित तवरबाट पठाउनु पर्नेछ ।

**५. संघको प्रादेशिक समितिको निर्वाचन :**

१. केन्द्रिय कार्यकारिणी समितिमा हरेक प्रदेशबाट एक/एक जना निर्वाचित उपाध्यक्ष सम्बन्धित प्रदेशको संयोजक रहनेछन् ।

२. प्रदेश समितिको गठन हुँदा केन्द्रीय कार्यकारिणी निर्वाचन सम्पन्न भइसकेको हुनेछ ।

३. प्रादेशिक कार्यकारिणी समितिमा केन्द्रीय कार्यकारिणी समितिमा निर्वाचित उपाध्यक्ष स्वतः प्रदेश संयोजक हुनेछ । प्रदेश अन्तर्गतका शाखा कार्यकारिणी समितिका अध्यक्ष र सचिवहरु स्वतः पदेन सदस्य हुनेछन् । सचिव १ र कोषाध्यक्ष १ को चयन प्रादेशिक कार्यसमितिका सदस्यहरुमध्येबाट निर्वाचन प्रक्रियाबाट हुनेछ ।

४. निर्वाचन प्रक्रियामार्फत प्रादेशिक समिति गठन नहुँदासम्मका लागि संघको केन्द्रीय कार्यकारिणी समितिले अन्तरिम कार्य समिति गठन गर्नेछ ।

**६. चिकित्सक संघका शाखाको निर्वाचन:**

(१) नेपाल चिकित्सक संघका शाखाहरूमा संघको यसै नियमावलीअनुसारका विधि र प्रक्रियामा नबाझिने गरी शाखाको निर्वाचन कार्यक्रम सम्पन्न गर्नुपर्ने छ ।

(२) संघको शाखाहरूको निर्वाचनका लागि सम्बन्धित शाखाले तोकेको निर्वाचन अधिकृतले निर्वाचन समिति गठनगरी निर्वाचन कार्यक्रम गर्नेछ ।

(३) शाखाको कार्यकारिणी समितिको निर्वाचनका सम्बन्धमा यसै नियमावली मार्फत शाखाको निर्वाचन सम्पन्न गरी केन्द्रीय कार्यकारिणी समितिलाई अविलम्ब जानकारी गराउनेछ ।

शाखाको कार्यकारिणी समिती ११ सदस्यीय हुनेछ । जस्मा अध्यक्ष–१, ब.उपाध्यक्ष–१, सचिव–१, कोषाध्यक्ष–१, सहसचिव–१, सहकोषाध्यक्ष–१ र ५ सदस्यको निर्वाचन हुनेछ ।

## परिच्छेद ४
## उम्मेदवारको मनोनयन, मतदाताको योग्यता र मतदाता नामावली

१. निर्वाचन समितिको निर्वाचन कार्यक्रम अन्तर्गत नेपाल चिकित्सक संघको केन्द्रीय कार्यकारिणी समितिको निर्वाचन, संघको शाखा कार्यालयका कार्यकारिणी समितिको निर्वाचन र नेपाल चिकित्सक संघ परिषद्को निर्वाचनमा उम्मेदवार हुन नेपाल चिकित्सक संघको आजीवन नेपाली सदस्य स्वयंले वा निजको प्रतिनिधि, प्रस्तावक वा समर्थकमार्फत निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति र समयभित्र निर्वाचन समितिको कार्यालयमा तोकिए बमोजिमको ढाँचामा मनोनयन पत्र दर्ता गर्न वा गराउनुपर्नेछ। यसरी मनोनयन पत्र दर्ता गराउँदा एक व्यक्तिले १ पदमा मात्र मनोनयन पत्र दर्ता गर्न गराउन सक्नेछ।

(२) उपनियम १ बमोजिम मनोनयन पत्र दर्ता गर्दा गराउँदा एक जनाले प्रस्ताव र अर्को एकजनाले समर्थनगरी सहि छाप गरेको हुनु पर्नेछ। त्यस्तो प्रस्तावक र समर्थक संघको मतदाता नामावलीमा नाम दर्ता भएको हुनु पर्नेछ तथा एकजनाले एउटा मात्र प्रस्ताव तथा समर्थन गर्न सक्नेछ।

(३) उम्मेदवार हुन मनोनयन भएको व्यक्तिले मनोनयन पत्रमा आफ्नो मन्जुरी लेखी स्वयम उपस्थित भई सहिछाप समेत गर्नु पर्नेछ।

(४) यस नियम बमोजिम मनोनयन पत्र दर्ता गर्न निर्वाचन समितिले तोकेको रकम भुक्तानी गरेको रसिद पेश गर्नु पर्नेछ।

(५) उपनियम (१) बमोजिम पेश भएको मनोनयन पत्र जाँच गर्दा रीतपूर्वकको देखिएमा निर्वाचन अधिकृतले त्यस्तो मनोनयन पत्र दर्तागरी सो दर्ता गर्न ल्याउने व्यक्तिलाई सोको निस्सा दिनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम जाँच गर्दा मनोनयन पत्रमा प्रस्तावक वा समर्थक नभएको वा दोहोरिएको वा धरौटी राखेको निस्सा नभएको वा प्रस्तावक वा समर्थक वा उम्मेदवार हुने व्यक्तिको सहिछाप नभएको वा अन्य रीत नपुगेको देखिएमा निर्वाचन अधिकृतले रीत नपुगेको जति सच्चाउन लगाई सो मनोनयन पत्र दर्ता गर्नु पर्नेछ।

(७) नेपाल चिकित्सक संघका आजीवन नेपाली सदस्यहरू मात्र निर्वाचनमा उम्मेदवार वा मतदाताको रुपमा सहभागी हुन पाउनेछन्। साथै निर्वाचन समितिले तोकेको समय अवधिमा आजीवन सदस्यता लिएका सदस्यहरू पनि मतदाताको लागि योग्य हुनेछन्।

(८) उपनियम (७) बमोजिम कार्यकारिणी समितिले निर्वाचन समितिलाई उपलव्ध गराइने अन्तिम मतदाता नामावली मात्र निर्वाचन समितिले निर्वाचन प्रयोजनार्थ प्रयोग गर्नेछ।

(९) संघको कार्यकारिणी समितिका पदाधिकारीहरूमा (अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु, महासचिव, कोषाध्यक्ष, सह सचिव, सह कोषाध्यक्ष) मा उम्मेदवारी दर्ता गराउनको निमित्त नेपाल चिकित्सक संघको सदस्यता लिएको अवधि ७ बर्ष (सातबर्ष) र सदस्यहरूका लागि संघको सदस्यता लिएको अवधि ४ बर्ष (चारबर्ष) पुगेको हुनु पर्नेछ।

(१०) संघको कार्यकारिणीका लागि अध्यक्ष १, बरिष्ठ उपाध्यक्ष १, उपाध्यक्ष ७ (प्रत्येक प्रदेशबाट १/१ जना, प्रादेशिक संयोजक समेत रहनेगरी), महासचिब १, कोषाध्यक्ष १, सहसचिव १, सह कोषाध्यक्ष १, सदस्यहरु ६ जना गरी जम्मा १९ जना निर्वाचन प्रक्रियामार्फत छानिएर आउँनेछन्। संघको केन्द्रीय कार्यकारिणी समितिमा निवर्तमान अध्यक्ष स्वतः पदेन सदस्य रहने र जर्नल अफ नेपाल मेडिकल एसोसिएसनको प्रमुख सम्पादक १ जना केन्द्रीय कार्यकारिणी समितिले मनोनयन गरी केन्द्रीय कार्यकारिणी समितिको संख्या कूल २१ जनाको हुनेछ।

(११) केन्द्रीय कार्यकारिणी समितिको निर्वाचनमा उम्मेदवार बनिसकेको सदस्यले निर्वाचन प्रक्रिया नटुंगिदासम्म संघ अन्तर्गतका अन्य निर्वाचनमा उम्मेदवार हुन पाउने छैन।

## परिच्छेद ५
## मतदान केन्द्र

१. केन्द्रीय कार्यकारिणी समितिको निर्वाचनका लागि मतदाताहरूको सुविधालाई ध्यानमा राखी सुरक्षा व्यवस्था भएको स्थानमा प्रदेश/शाखा निर्वाचन समितिले केन्द्रीय निर्वाचन समितिसँग समन्वय गरी मतदान केन्द्र तोक्नेछ।

२. नेपाल चिकित्सक संघको प्रदेश तथा शाखाहरूको निर्वाचन कार्यक्रमका लागि मतदान केन्द्र सम्बन्धित प्रदेश वा शाखा निर्वाचन समितिले सम्बन्धित कार्यकारिणी समितिसँग समन्वयगरी तोक्नेछ।

# परिच्छेद ६
# मतदान प्रक्रिया

**१. उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि निर्वाचनको कुनै काम नरोकिने :**

निर्वाचनको कार्यक्रममा उम्मेदवारका मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि नियुक्त नभएमा वा कुनै उम्मेदवार वा निजको कुनै प्रतिनिधि उपस्थित हुने व्यवस्था मिलाउन निर्वाचन समितिले प्रयास गर्नुपर्नेछ। उपस्थित गराउन नसक्ने वा नचाहेका कारण निर्वाचन प्रक्रिया, मतदान वा मतगणनाको काम रोकिने छैन्।

**२. नाम ढाँटी मतदान गर्न आउने व्यक्ति उपरको उजुरी सुन्ने :**

प्राप्त मतदाता नामावली अनुसार मतदाताको नाम निर्वाचन समितिले रुजू गर्नपर्नेछ। नाम ढाँटी मतदान गर्न आएको शंका लागेमा निर्वाचन समिति समक्ष संघको सदस्यले रु १००। (एक सय रुपैया मात्र) धरौटी राखी उजुरी गर्न सक्नेछ। उक्त उजुरी उपर तत्काल छानविनगरी फर्जी मतदान गर्ने प्रयास गरेको प्रमाणित भएमा संघको आजीवन सदस्य भएमा सदस्यता निलम्बनसहित र गैरसदस्य रहेमा प्रचलित कानुनअनुसार कारवाही अगाडि बढाइनेछ।

३. नेपाल चिकित्सक संघ केन्द्रीय कार्यकारिणी समितिको निर्वाचनका लागि संघका सम्पूर्ण सदस्यले तोकिएको मिति र स्थानमा मतदान गर्नसक्नेछन। उपाध्यक्ष (प्रदेश संयोजक)मा मतदानका लागि भने सदस्यता कायम रहेकै प्रदेश अन्तर्गतकै मतदान केन्द्रबाट मतदान प्रक्रियामा भाग लिएको हुनुपर्नेछ। उपाध्यक्षबाहेकका अन्य पदाधिकारी र सदस्यका लागि भने जुनसुकै केन्द्रबाट मतदान प्रक्रियामा सरीक भएपनि मतदान गर्न पाइनेछ। यो अधिकार प्रयोग गर्दा एक मतदाताले एकभन्दा बढी पटक मतदान गर्न पाउँने छैनन्।

**४. मतदान गर्ने :**

आफ्नो अमूल्य मत बदर हुन नदिन, मतकोठाको कुनै किनारामा नछुने गरी १ पटकमा १ जना मतदाताले मात्र गोप्य मतदान कक्षमा आफुले रोजेको उम्मेदवारको नाम अघिको मतकोठामा ( ✓ ) रेजा चिन्ह होशियारीपूर्वक लगाइसकेपछि, सो मतपत्रलाई तीन पटक मोडेर मतपेटिका भित्र खसाल्नु पर्दछ।

**५. निर्धारित समयभित्र पंक्तिबद्ध मतदातालाई मात्र मतदान गर्न दिने :**
मतदान केन्द्रमा निर्वाचन समितिले तोकेको अवधिभित्र मतदान केन्द्रभित्र प्रवेश गरेका मतदाताहरुलाई मतदान गर्नबाट बञ्चित गरिने छैन ।

**६. मतदान प्रारम्भ तथा मतदानक्रम स्थगित गर्न सकिने :**
मतदान केन्द्रमा हिंसात्मक हुलदंगा वा असामान्य परिस्थितिको सिर्जना भएमा वा प्राकृतिक विपत्ति वा निर्वाचन समितिको काबू बाहिरको कुनै कारणले सञ्चालन हुन लागेको वा सञ्चालन भइरहेको मतदान कार्य शान्ति भंग भई चालू हुन नसक्ने अवस्था आएको निष्कर्षमा निर्वाचन समिति पुगेमा निर्वाचन समितिले मतदान कार्य तत्कालै स्थगितगरी समय तथा परिवेशानुसार पुनः मतदानको अर्को व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद ७
## मतगणना

**१. निर्वाचन समितिको निर्णय गर्ने:**
(१) मतगणना सम्बन्धी कामको लागि उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचन अधिकृतबाट तोकिएको संख्यामा मतगणना प्रतिनिधि नियूक्त गर्न सक्नेछ ।
(२) शान्तिपूर्ण तवरबाट मतगणना सम्पन्न गर्न सहयोग गर्ने र मत गणना गर्दा तयार गर्नु पर्ने मुचुल्कामा सहि गर्नु उम्मेदवार स्वयं वा प्रतिनिधिको कर्तव्य हुनेछ ।
(३) निर्वाचनको सम्पूर्ण कार्यक्रममा कुनै पनि प्रकारको बाधा, अड्चन तथा विवाद उत्पन्न भएमा, निर्वाचन समितिको निर्णय नै अन्तिम हुनेछ ।

**२. बदर मतपत्र**

मतगणना क्रममा निम्न बमोजिमका मतपत्र बदर हुनेछ ।
क. निर्वाचन समितिका पदाधिकारीहरूको दस्तखत नभएको ।
ख. निर्वाचन समितिले तोकेको मत संकेत गर्ने रेजा (✓) चिन्हले मत संकेत नगरी अन्य चिन्ह प्रयोग गरेको ।
ग. मत संकेत (✓) चिन्ह नबुझ्ने गरी लत्पतिएको वा च्यातिएको वा फोहर गरिएको ।

घ. उम्मेदवारको मत कोठामा मत संकेत नगरी अन्यत्र मत संकेत गरिएको ।

ङ. उम्मेदवार नरहेको स्थानमा मत संकेत गरिएको ।

च. कुन उम्मेदवारलाई मत दिएको हो सो नछुट्टिने गरी मत संकेत गरिएको ।

छ. आवश्यकताभन्दा बढी उम्मेदवारलाई मतदान गरेको ।

ज. जाली मतपत्र ।

झ. अक्षर वा शब्दहरू लेखिएको ।

**३. मतगणना कार्य रोक्न नहुने :**

मतगणनाको काम प्रारम्भ गरेपछि सबै मतपत्रहरूको गणना लगातार गर्नु पर्नेछ । तर कुनै कारणवश मतगणनाको काम समाप्त हुनुभन्दा पहिले मतगणना रोक्नु पर्ने परिस्थिति उत्पन्न भएमा रोक्नु पर्ने कारण उल्लेख गरि मुचुल्का तयार मतगणना अधिकृतले प्रमाणित गर्नुपर्नेछ । यसरी रोकिएको मतगणना कार्य यथासक्य चाँडो पुनः प्रारम्भ गर्नु पर्नेछ ।

**४. मत बराबर भएमा गोला हाली निर्णय गर्ने :**

मतगणनाको कार्य समाप्त भएपछि दुई वा दुईभन्दा बढी उम्मेदवारहरूको मत बराबर भएमा प्रमुख निर्वाचन अधिकृतले मत बराबर पाउने उम्मेदवारहरूका बीचमा गोला हाली निर्णय गर्नेछ ।

## परिच्छेद ८
## निर्वाचन परिणाम घोषणा

मतगणनाको सवै कार्य समाप्त भै सकेपछिमात्र निर्विरोध निर्वाचित तथा विजयी उम्मेदवारहरूको परिणामको घोषणा गरीनेछ ।

## परिच्छेद ९
## डिजिटल प्रविधिको प्रयोग

१) नेपाल चिकित्सक संघको स्रोतसाधनले भ्याएसम्म डिजिटल प्रविधिको उपयोग सम्बन्धी मूल्यांकन गरी उपयोगको लागि सुरक्षित, उपयोगी, तथा विश्वसनीय ठहर गरिएको खण्डमा गोपनियता भंग नहुने गरि डिजिटल प्रविधिलाई प्राथमिकतामा राखि निर्वाचन कार्यलाई प्रविधिमैत्री बनाउँदै लगिने छ ।

२) डिजिटल प्रविधिको प्रयोग गर्नका लागि निर्वाचन समितिले कार्यकारिणी समितिबाट स्वीकृत लिई आपसी समन्वयमा सोका लागि आवश्यक पर्ने कार्यहरु अगाडि बढाउन सकिने छ।

३) निर्वाचन कार्यक्रमलाई विश्वसनिय, पारदर्शि र सहज पहुँच पुर्‍याउनका निमित्त प्रयोगमा ल्याईने आधुनिक प्रविधिका उपकरण, स्रोत, साधन र पद्धतिको उपयोग गर्नका लागि प्रचलित कानूनले रोकतोक नलगाएको हुनु पर्नेछ।

## परिच्छेद १०
## विविध

१. यस नियमावली बमोजिमको निर्वाचन कार्यक्रम प्रारम्भ भई निर्वाचन परिणामको घोषणा हुनुपूर्व निर्वाचनका घोषित कार्यक्रमहरूमा कुनै कारणवस अवरोध उत्पन्न भई निर्वाचन सम्पन्न हुन नसकेमा नेपाल चिकित्सक संघको वहालवाला कार्यकारिणी समितीसँग आवश्यक परामर्श गरि निर्वाचन समितिले नेपाल चिकित्सक संघको विधान २०७० को दफा २४(घ) बमोजिम निर्वाचनको कार्य सम्पन्न गर्नेछ।

२. **निर्वाचन खर्च**: निर्वाचन कार्यक्रमको लागि आवश्यक निर्वाचन खर्च, मसलन्द, आवश्यक कर्मचारीहरूको खर्च निर्वाचन समितिको सिफारिस अनुसार नेपाल चिकित्सक संघले व्यवस्था गर्नेछ।

३. **निर्वाचन निर्देशिका** : यस नियमावलीको उद्देश्य पुरा गर्नका लागि आवश्यकता अनुसार निर्वाचन समितीले निर्वाचन निर्देशिका बनाई जारी गर्नसक्नेछ।

४ **निर्वाचन आचार संहिता जारी गर्न सक्ने** : नेपाल चिकित्सक संघको निर्वाचनलाई निष्पक्ष र मर्यादित रुपमा सम्पन्न गर्नका लागि निर्वाचन आचार संहिता आवश्यक छ भन्ने निर्वाचन समितिलाई लागेमा यस नियमावलीको प्रतिकुल नहुने गरि निर्वाचन समितिले निर्वाचन आचार संहिता जारी गर्न सक्नेछ। यसरी जारी गरिएको आचार संहिता नेपाल चिकित्सक संघका सबै सदस्यहरूले पालना गर्नुपर्नेछ।

५. **बचाऊ** : यस निर्वाचन नियमावली, २०७० मा लेखिएको विषयमा यसै बमोजिम र नलेखिएका विषयमा नेपाल चिकित्सक संघको विधान (संशोधन २०७७) बमोजिम हुनेछ।

****





# नेपाल चिकित्सक संघ

## केन्द्रीय कार्यालय

प्रदर्शनी मार्ग, काठमाडौं, नेपाल

पो.ब.नं. १८९, फोनः ०१-४२३१८२५, ४२२५८६०,

फ्याक्सः ०१-४२२५३००, इमेलः nma@nma.org.np

वेभसाइटः www.nma.org.np